नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/२१ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं सहितको संयुक्त अनुगमन टोलीले भोटेकोशी बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय/ अनुगमन स्थलको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लि., प्रादेशिक कार्यालय बागमती, थापाथली गोदाम | • स्तरन्नोति (फोर्टीफाइट) गरीएको स्टिम जीरा मसिनो चामल, चामल, सूर्यमुखि तेल, आयोडिनयुक्त नुन (आयो नुन) राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो।<br>• अन्य सामाग्रीको अवस्था सन्तोषजनक पाइयो। | • खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने।<br>• |

| | | | |
|---|---|---|---|
| २. | राधा स्वामी सत्सङ्ग सामाखुसी, काठमाडौं | • ईनर्जी बिस्कुट (Energy Biscuit), चाउचाउ, भुजा, चिउरा, दालमोठ, बिस्कुट, सूर्यमुखी तेल, चामल, नमकिन, ललिपप र प्रशोधित पिउँने पानी राहतका लागि पठाउन ठिक्क पारेको पाइयो<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना, उत्पादन र उपभोग्य मिति उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखियो<br>• सगरमाथा एग्रो ट्रेडिङ्ग बिरगन्जबाट उत्पादित जय हो ब्रान्डको चामल दुई (२) बोरा उपभोग्य मिति समाप्त भएको पाइएको<br>• प्लाष्टिकमा पोका बनाएर ल्याइएको छ सय एकतिस (६३१) के.जी. खुल्ला चामल घुन लागेको स्पष्ट देखिएको<br>• कलश चिउरा उद्योग सप्तरीबाट उत्पादित दुई (२) बोरा चिउरा भिजेको अवस्थामा पाइएको।<br>• अन्य सामाग्रीको अवस्था सन्तोसजनक पाइयो। | • सगरमाथा एग्रो ट्रेडिङ्ग बिरगन्जबाट उत्पादित जय हो ब्रान्डको चामल दिई (२) बोरा उपभोग्य मिति समाप्त भएको पाइएकोले अलग्गै राखी थप अनुसन्धान गरी आबश्यक कार्बाहीको लागि स्थलगत अनुगमन निरिक्षण फारम बिभागमा पेस गरिएको ।<br>• प्लाष्टिकमा पोका बनाएर ल्याइएको ल्याइएको छ सय एकतिस (६३१) के.जी. खुल्ला चामल घुन लागेको स्पष्ट देखिएकोले त्यसलाई Expired Zone मा नष्टको लागि राखिएको।<br>• कलश चिउरा उद्योग सप्तरीबाट उत्पादित दुई (२) बोरा चिउरा भिजेको पाइएकोले अस्वीकार गरिएको।<br>• खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| ३. | शहरी विकास तथा भवन निर्माण विभाग | • तयारी चाउचाउ, सातु, पफ, भुजा, चिउरा, बिस्कुट, नुन, तोरीको तेल तेल, आँटा लगायतका राहतका लागि पठाउन ठिक्क पारेको पाइयो।<br>• उल्लेखित सबै खाद्य पदार्थको लेबलमा उत्पादन/प्याकेजिङ्ग गर्ने उद्योगको नाम, ठेगाना, उत्पादन र उपभोग्य मिति उल्लेख भई उपभोग्य मिति समाप्त नभएको देखिएपनि राधाकृष्ण ब्राण्ढ, काभ्रेबाट उत्पादित विस्कुटको उपभोग्य मिति समाप्त भएको पाईयो। | • उपभोग्य मिति समाप्त भएको ८ पोका (४० ग्रामको १२ थान एक पोकामा) अस्वीकार गरी छुट्टै expired zone मा राखियो<br>• खाद्य पदार्थको वितरण गर्दा असल वितरण (Good Distribution Practice) अभ्यास अनुसार गर्ने। |
| **अनुगमन गरिएको राहत सामग्री राखिएको स्थान कुल संख्याः तिन (३) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/२२

# <u>अनुगमनका केहि झलकहरु</u>

















Suruchi
Refined Sunflower Oil




marie GOLD

